# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०८।०३ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

---------------------------------------------------

डोटी जिल्ला सातफरी गा.वि.स. स्थित टुनागाड दोस्रो लघु जलविद्युत योजनाका अध्यक्ष नवराज विनाडीले आ.व. २०६८।०६९ मा गा.वि.स. लगायत सरकारी निकायबाट संकलित रकम हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले आफ्नो जिम्मामा रहेको रकम रु. १८,६३,४३३/- (अठार लाख त्रिसठ्ठी हजार चार सय तेत्तिस) टुनागाड दोस्रो लघु जलविद्युत परियोजनालाई नबुझाई सरकारी रकम हिनामिना गरी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई बिगो रु. १८,६३,४३३/- (अठार लाख त्रिसठ्ठी हजार चार सय तेत्तिस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता